नेपाल सरकार
अर्थ मन्त्रालय
**महालेखा नियन्त्रक कार्यालय**
**अनामनगर, काठमाडौँ**

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

# प्रेस विज्ञप्ति

महालेखा नियन्त्रक कार्यालय र अन्तरगतका ७७ वटै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू, ७ वटै प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू, विभिन्न संवैधानिक निकाय, नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग, विभिन्न सुरक्षा निकायका आर्थिक प्रशासन शाखा प्रमुखहरूको सहभागिता रहेको ***सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७*** वि.सं. २०७७ चैत ११ र १२ गते काठमाडौँमा भर्चुअल स्वरूप (Virtual Modality) मा सञ्चालन भई सफलतापूर्वक सम्पन्न भएको छ।

राष्ट्रिय गोष्ठी, २०७७ को समुद्घाटन माननीय अर्थमन्त्री श्री बिष्णु प्रसाद पौडेलज्यूबाट भएको थियो। कार्यक्रमको उद्घाटन पश्चातको निर्देशन मन्तव्यमा माननीय अर्थमन्त्रीज्यूले सार्वजनिक खर्च प्रणालीलाई वास्तविक र अनुमानयोग्य बनाउन सरोकारवाला सबैले जोड दिनुपर्ने तथा शून्य बेरुजु हुनेगरी उत्तरदायीपूर्ण तवरबाट आर्थिक कारोबार गर्न गराउन सबैजना केन्द्रित हुनुपर्ने भनाई राख्नु भएको थियो। माननीय महालेखा परीक्षक श्री टंकमणि शर्माज्यूले लेखापरीक्षण तथा वित्तीय सुशासन कायम गर्ने सम्बन्धमा सहभागी सबैलाई कार्यसम्पादनमा उत्प्रेरणा हुने गरी मार्गदर्शन प्रदान गर्नु भएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोयका सचिव तोयम रायाबाट भ्रष्टाचार नियन्त्रण र वित्तीय सुशासन विषयमा आफ्नो प्रस्तुति गर्नु भएको थियो।

यसैगरी कार्यक्रमको उद्घाटन सत्रमा अर्थसचिव श्री शिशिर ढुङ्गानाज्यू एवं राजश्व सचिव श्री रामशरण पुडासैनीज्यूले नेपाल सरकारका विभिन्न निकायहरूमा कार्यरत महालेखा नियन्त्रक कार्यालय अन्तर्गतका जनशक्तिको बजेट कार्यान्वयन एवं स्रोत परिचालनमा महत्वपूर्ण भूमिका हुने भएकोले वित्तीय दक्षता र सक्षमताका साथ आर्थिक कारोबार गर्न, सार्वजनिक खर्च प्रणालीलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन, समयमा नै प्रतिवेदन गरी विकास सहायताको रकमको सोधभर्ना प्राप्त गर्न र प्रतिबद्धता खर्चको विवरण यथार्थपरक बनाउन काम गर्नुपर्ने आफ्नो भनाई राख्नु भएको थियो।

उद्घाटन सत्रमा महालेखा नियन्त्रक श्री मधु कुमार मरासिनीज्यूले वित्तीय सुशासन कायम गर्न महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतका जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुनाले सो भूमिका प्रभावकारीरूपमा निर्वाह गर्न महालेखा नियन्त्रक कार्यालय अन्तर्गतका जनशक्तिले आफ्नो कार्य सम्पादन गर्न सक्षम हुनु पर्ने भनाई राख्नु भयो। सूचना प्रविधिमा आधारित प्रणालीहरूमा आवद्ध रही कार्य सम्पादन गर्ने अग्रणी सरकारी निकायको रूपमा महालेखा नियन्त्रक कार्यालय स्थापित हुँदै गएको सन्दर्भमा सुशासनको महत्वपूर्ण पक्ष वित्तीय सुशासन कायम गराउन पनि महालेखा नियन्त्रक कार्यालय सक्षम हुने विश्वास व्यक्त गर्नु भएको थियो।

मिति २०७७ चैत ११ र १२ गते काठमाडौँमा सम्पन्न ***सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७*** मा महालेखा नियन्त्रक कार्यालयबाट तीन वटा विषयमा विषयगत प्रस्तुतीकरण भएको थियो। प्रस्तुतिहरूमाथि सहभागीहरूबीच छलफल पश्चात प्रदेश लेखा नियन्त्रक कार्यालय एवं कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको तर्फबाट समूहका संयोजकहरूले विद्यमान कानूनी व्यवस्थाहरूका साथै व्यवहारिक बिषयहरू समेटेर सुझाव र पृष्ठपोषण सहितको प्रस्तुतीकरण गर्नु भएको थियो।

करिब २०० जनाको सहभागिता भएको ***सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७*** मा भएको निरन्तर छलफल र अन्तरक्रियाबाट देहायका कार्यहरू सम्पादन गर्न १३ बुँदे सामूहिक प्रतिबद्धता समेत व्यक्त गरेको छ।

२०७७/१२/१२
ज्ञानेन्द्र पौडेल
प्रवक्ता

## सार्वजनिक वित्त व्यवस्थापन राष्ट्रिय गोष्ठी, २०७७ को प्रतिबद्धताहरू

१. सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोषको लेखाङ्कन तथा प्रतिवेदन गर्न विद्युतीय प्रणालीको विकास गरी तीनै तहका सरकारको सञ्चित कोषहरूको अवस्था स्वचालित माध्यमबाट वास्तविक समय (Real time) मा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

२. नेपाल सरकार र प्रदेशअन्तर्गत सार्वजनिक सेवा उपयोगिताका क्षेत्रबाहेकका सरकारी कारोबारमा लागु भईरहेको विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer-EFT) आगामी वर्ष सार्वजनिक सेवा उपयोगीताका क्षेत्रसहित स्थानीय तहमासमेत लागु गरी सरकारका तीन तहमा हुने सरकारी कारोबारहरूको भुक्तानी विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer-EFT) मार्फत हुने व्यवस्था गरिनेछ ।

३. प्रदेश सरकार अन्तरगतका निकायहरूले उठाउने राजस्व रकम केन्द्रीय राजश्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System-RMIS) सँग आवद्ध गर्ने व्यवस्था मिलाइनेछ ।

४. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) मा तीन तहका सरकारअन्तर्गत रहेका सार्वजनिक (सरकारी) सम्पत्तिको विवरण अद्यावधिक गरी सार्वजनिक सम्पत्तिको एकीकृत प्रतिवेदन तयार गरिनेछ । सम्बन्धित मन्त्रालय/केन्द्रीय निकायले आफ्नो र अन्तर्गत कार्यालयहरूको सम्पत्तिको अवास्था, प्रयोग र संरक्षणसम्बन्धमा अनुगमन समेत यसै प्रणालीबाट गर्नसक्ने व्यवस्था गरिनेछ ।

५. सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन विकास गरिएका विभिन्न प्रणालीहरूको सुरक्षा तथा गुणस्तरमा अभिवृद्धि गरी बिनाअवरोध प्रभावकारी सञ्चालनका लागि एकीकृत प्राविधिक सहायता केन्द्र (Integrated Technical Support Centre) को संरचनात्मक व्यवस्था, प्राविधिक बन्दोबस्त र जनशक्तिको प्रबन्ध गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

६. सङ्घ र प्रदेश सरकारका मन्त्रालय तथा केन्द्रीय निकायहरूले तयार गर्नुपर्ने केन्द्रीय लेखा तयार गर्न विद्युतीय प्रणालीको विकास गरी मन्त्रालय तथा केन्द्रीय निकायहरूले प्रतिवेदन तयार गर्ने व्यवस्था गरिनेछ ।

७. आन्तरिक लेखा परीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आवश्यक निर्देशिका तयार गर्ने एवं आन्तरिक लेखा परीक्षणका लागि लेखा समूहभित्रबाट छुट्टै आन्तरिक लेखापरीक्षक जनशक्ति परिचालन गरी विशिष्टिकृत जनशक्तिबाट आन्तरिक लेखापरीक्षणलाई गुणस्तरीय बनाइनेछ ।

८. नेपाल सरकारका सबै मन्त्रालय र केन्द्रीय निकायले आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी एक वर्षभित्र लागु गर्नुपर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को व्यवस्थाबमोजिम महालेखा नियन्त्रक कार्यालयबाट आन्तरिक नियन्त्रण प्रणालीको ढाँचा र कार्यविधि निर्धारण गरिएको *आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन* तयार गरिनेछ ।

९. सोझैभुक्तानी र सोधभर्ना प्राप्त गर्नुपर्ने रकमको यथार्थ विवरण पारदर्शी र विश्वसनीय हुनेगरी अभिलेखाङ्कन तथा प्रणालीका माध्यमबाट प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइनेछ ।

१०. महालेखा नियन्त्रक कार्यालय अन्तरगतका कोष तथा लेखा नियन्त्रक कार्यालयहरू र अन्य निकायहरूबाट गरिने सेवाप्रवाहलाई प्रभावकारी बनाउन आवश्यकता र प्राथमिकताको आधारमा साधन र स्रोतको व्यवस्था गरी संस्थागत क्षमता अभिवृद्धिका साथै सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सरकारका विभिन्न तहका आर्थिक प्रशासनमा कार्यरत जनशक्तिको क्षमता विकास तालिमको पहिचान तथा उपयुक्त पाठ्यक्रम विकास गरी क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ । लेखा समूहमा कार्यरत जनशक्तिको क्षमता, दक्षता, मर्यादा र मनोबलकासाथ उच्च आर्थिक अनुशासन कायम राखिनेछ ।

११. स्थानीय तहमा योजना तथा बजेट, लेखाङ्कन र प्रतिवेदनलाई एकीकृत गर्ने स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा राजस्व व्यवस्थापन (Revenue Management), विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer-EFT) लगायतका थप व्यवस्था गरी प्रणालीको पूर्ण कार्यान्वयन गरिनेछ । प्रणालीको स्थायित्व र निरन्तरताका लागि प्रणाली सुधार/स्तरोन्नतीका काम गरिनेछ ।

१२. महालेखा नियन्त्रक कार्यालयबाट तयार गरिने विभिन्न वित्तीय प्रतिवेदनहरू विश्वसनीय र अन्तराष्ट्रिय मानदण्डबमोजिम हुनेगरी विकास गरिनेछ । नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standard-NPSAS) मा आधारित वित्तीय प्रतिवेदनलाई गुणस्तरीय र समयमानै निर्माण गर्न विद्युतीय प्रतिवेदन प्रणालीको विकास गरी प्रतिवेदन गरिनेछ ।

१३. सार्वजनिक वित्त व्यवस्थापनमा जिम्मेवार लेखा समूहका कर्मचारीहरूको व्यक्तिगत विवरणलाई अभौतिकीकरण (Digitalization) गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

२०७७।१२।१३